# स्थानीय राजपत्र

खण्डः १ कीर्तिपुर, असार ४ गते, २०७५ साल संख्या ३

**भाग-२**

**कीर्तिपुर नगरपालिका**


संवत २०७५ सालको कार्यविधि नं. ३

**कार्यविधिको नाम : कीर्तिपुर नगरपालिका विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७५**

यस कीर्तिपुर नगरपालिका भित्र रहेका विद्यालयहरुमा नगर शिक्षा ऐन २०७४ को दफा २१ बमोजिम विद्यालय व्यवस्थापन समिति गठन कार्यको लागि सहजिकरण गर्दै विद्यालय व्यवस्थापन समिति गठन कार्यमा आएका अप्ठ्याराहरु मध्यनजर राख्दै बास्तविक अभिभावकहरुको विद्यालय व्यवस्थापनमा प्रतिनिधित्व गराई शैक्षिक, भौतिक, आर्थिक र विद्यालयका समग्र गतिविधिहरुमा थप प्रभावकारीता र गुणस्तर कायम गर्ने उद्देश्यले नगर कार्यपालिका कीर्तिपुरको मिति २०७५/०३/०४ को बैठकबाट अब उप्रान्त गठन हुने विद्यालय व्यवस्थापन समितिहरुमा देहायबमोजिम गर्ने व्यवस्था गरिएको छ ।

## परिच्छेद -१

**१) संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७५ हुनेछ । यो कार्यविधि नगर कार्यपालिकाले निर्णय गरेका मितिदेखि नगर भित्रका सबै विद्यालयहरुमा लागू हुनेछ ।

**२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :**

क) शिक्षा ऐन भन्नाले कीर्तिपुर नगरपालिका शिक्षा ऐन २०७४ सम्झनुपर्छ ।

ख) विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि २०७५ भन्नाले शिक्षा ऐन २०७४ को दफा २१ को आधारमा बनाएको कार्यविधि सम्झनु पर्दछ ।

ग) अभिभावक भन्नाले विद्यार्थीका बाबु, आमा, दाजु भाइ दिदी बहिनी, बाजे बज्यै  वा विद्यार्थीको पालनपोषण र पठनपाठनको व्यवस्था मिलाउने व्यक्ति भएता पनि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको छनौट गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै तथा सहोदर दाजु वा दिदी मात्र अभिभावक मानिने छ ।

घ) शैक्षिक सत्र भन्नाले विदालयमा अध्ययन अध्यापन गराउने वार्षिक अवधि सम्झनु पर्छ ।

ड) व्यवस्थापन समिति भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

च) विद्यालय भन्नाले सामुदायिक, सार्वजनिक शैक्षिक गुठी र संस्थागत सबैलाई बुझिनेछ ।

च) सहयोग समिति भन्नाले विद्यालय व्यवस्थापन समिति गठनका लागि गठित समिति भन्ने बुझ्नु पर्छ । जसमा संयोजक सहित सदस्यहरुलाइ समेत बुझ्नुपर्छ ।

छ) विद्यालय व्यवस्थापन समिति गठन  भन्नाले अभिभावकहरुको आम सहमति भएको खण्डमा अभिभावकहरुको छनौटमा र सो नभएको खण्डमा मतदान प्रकृयाबाट आएको नतिजालाई बुझिनेछ ।

## परिच्छेद –२

**विद्यालय व्यवस्थापन समिति :**

१.सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका  लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका पदाधिकारीहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका अभिभावकले आफुमध्येबाट छानी पठाएका एकजना महिला सहित ३ जना - सदस्य

(ख) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी तथा विद्यालयलाइ नियमित नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना - सदस्य

(ग) विद्यालय रहेको संवन्धित वडाको वडा अध्यक्ष/वडा सदस्य - सदस्य

(घ) संवन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य

(ङ) विद्यालयका शिक्षकहरुले आफुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) प्रधानाध्यापक - सदस्य सचिव

(२) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा नगरपालिका वा प्रादेशिक स्तरका उद्योग वाणिज्य संघ वा नगरपालिकामा उपलब्ध ख्यातीप्राप्त प्राविधिकहरु मध्येबाट दुइजना प्रतिनिधि सदस्य रहनेछन ।

(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य हुनेछन ।

(४) उपदफा १ को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट अध्यक्षका लागि १/१ जना सदस्यहरुको नाम प्रधानाध्यापकबाट नगर शिक्षा समितिमा  सिफारिस गर्ने छ र सिफारिस भएका सदस्यहरु मध्येवाट नगर शिक्षा समितिबाट अध्यक्ष तोकिने छ ।

५)विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

६)सम्वन्धित विद्यालयको स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिमा आमन्त्रण गर्न सकिने छ ।

७)संस्थागत विद्यालय र सार्वजनिक शैक्षिक गुठी विद्यालयको व्यवस्थापन समिति शिक्षा ऐन २०७४ को दफा २१ को उपदफा(९)र(११)वमोजिमको वि.व्या.स.गठनको सहजीकरण गर्न सम्वन्धित क्षेत्रको स्रोत व्यक्ति,वि.नि.र प्रधानाध्यपकको ३ सदस्यीय समिति रहने छ । उक्त समितिको संयोजक सम्वन्धीत विद्यालयको प्रधानाध्यपक हुनेछ ।

## परिच्छेद -३

**विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य छनौट सम्बन्धि व्यवस्था :**

१) प्रधानाध्यापकले ऐनको दफा २१ बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनौट गर्ने प्रयोजनका लागि शैक्षिक सत्र शुरु भएको ३० दिनभित्र कम्तीमा ७ दिनको सूचना दिई अभिभावकको भेला गरउनुपर्नेछ ।

तर निर्धारित पदावधि समाप्त भएको कारणले अध्यक्ष वा सदस्य छनौट गर्ने प्रयोजनका लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा कम्तीमा ३० दिन अगावै र अन्य अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएमा पदपूर्ति गर्नमा लागि त्यसरी रिक्त भएको १५ दिन भित्र अभिभावकहरुको भेला गराउनुपर्नेछ ।

२) उपनियम (१) बमोजिम अभिभावकलाई भेला गराउनु तीन दिन अघि उपनियम (३) बमोजिमको समितिले अभिभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नुपर्नेछ ।

३) उपनियम (१) बमोजिम अध्यक्ष वा सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नका लागि समबन्धित निरीक्षक (वि.नि.) वा निज उपलब्ध नभएमा नगर शिक्षा शाखाले खटाएको अधिकृतको संयोजकत्वमा,स्रोत व्यक्ति ,प्रधानाध्यापक  र स्थानीय निकायको प्रतिनिधि रहेको ४ सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

४)संस्थागत विद्यालय र सार्वजनिक शैक्षिक गुठी विद्यालयको व्यवस्थापन समिति शिक्षा ऐन २०७४ को दफा २१ को उपदफा(९)र(११)वमोजिमको वि.व्या.स.गठनको सहजीकरण गर्न सम्वन्धित विद्यालयको स्रोत व्यक्ति, वि.नि.र प्रधानाध्यपकको ३ सदस्यीय समिति रहने छ ।उक्त समितिको संयोजक सम्वन्धीत विद्यालयको प्रधानाध्यपक हुनेछ ।

५)शिक्षा ऐनको दफा २१ को ८ ले दिएको अधिकारका आधारमा विद्यालय व्यवस्थापन समितिको गठन गर्नका लागि अन्य कार्यविधि देहाय बमोजिम गर्नेछ ।

क) अभिभावकको पहिचान सहितको नामावली तयार गर्नेछ ।

ख) आवश्यक परे निर्माणका लागि अन्य कर्मचारीको व्यवस्थापन गर्नेछ ।

ग) शान्ति सुरक्षाको व्यवस्थाका मिलाउनेछ ।

घ) निर्वाचन कार्यक्रम प्रकाशन गर्नेछ ।

ङ) निर्वाचनको लागि यससँग सम्बन्धित आचारसंहिता तयार गर्नेछ ।

च) मतपत्र र निर्वाचनको लागि आवश्यक पर्ने सामग्रीको उचित व्यवस्थापन गर्नेछ ।

छ) मतदान हुने स्थानको निर्धारण गर्ने छ ।

ज) उम्मेदवारहरुबाट मनासीव किसिमको उम्मेदवारी दर्ता शुल्क लिनेछ ।

## परिच्छेद -४

**विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुका लागि योग्यता :**

१) अध्यक्ष पदका लागि मा.वि. तहको १० कक्षा सञ्चालित विद्यालयमा कक्षा १२ पास र कक्षा १२ सञ्चालित विद्यालयमा स्नातक तह उत्तीर्ण र आधारभूत तहका लागि कम्तिमा एसईई उत्तीर्ण गरेको हुनुपर्ने छ । तर परिच्छेद २ को दफा १ को ग को हकमा तोकिएको योग्यता लागु हुनेछैन ।

२) अन्य सदस्यहरुका लागि कम्तिमा राम्ररी लेख्न र पढ्न सक्ने हुनुपर्ने छ ।

३) मगज नविग्रेको ।

४) नैतिक पतन हुने गरी फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

५) २५ वर्ष उमेर पुरा भएको

६) नेपाली नागरिक र नागरिकता प्रमाणपत्र भएको ।

७) कुनै सरकारी वा अर्धसरकारी कार्यालयबाट पारिश्रमिक लिनेगरी नियुक्त कर्मचारी शिक्षक पद धारण नगरेको ।

८) प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको ।

९) आफ्ना छोराछोरी वा नातीनातिनाहरु विद्यालयमा नियमित हाजिर भएको ।

## परिच्छेद- ५

**राजीनामा स्वीकृत गर्ने अधिकारी** :

विद्यालय व्यवस्थापन समितिको सदस्यको अध्यक्षले र अध्यक्षको राजीनामा नगर शिक्षा समितिले स्वीकृत गर्नुपर्नेछ । अध्यक्ष  ३ महिना भन्दा वढी समय सम्मको लागि जिम्मेवारी लिन नसक्ने भएमा र वि.व्य.स.को पदावधि १ वर्षभन्दा कम भएमा निजको प्रतिनिधित्व जसरी भएको छ, सोहि अनुरुप छनौट वा मनोनित गर्ने । लगातार ३ वटा भन्दा वढि बैठकमा वीना जानकारी अनुपस्थित हुने सदस्यहरुलाई समितिले स्पष्टिकरण सोध्न र सचेत गराउन सक्नेछ । लगातार ३ वटा वैठकमा अनुपस्थित भएमा स्वत पदाधिकार समाप्त हुनेछ ।

## परिच्छेद- ६

**विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने अवस्था :**

- विद्यालय सम्पति हिनामिना गरेमा
- विद्यालयको शैक्षिक वातावरण खलवल्याएमा
- नेपाल सरकार,प्रदेश सरकार र स्थानीय सरकारको नीति विपरित कार्य गरेमा
- विद्यालय व्यवस्थापन समितिले सन्तोषजनक रुपमा कार्य गर्न नसकेमा
- सम्वतिन्ध निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा ।

## परिच्छेद -७

**विविध :**

- विद्यालय व्यवस्थापन समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।
- आफ्नो कार्यकाल समाप्त भएपछि विद्यालय व्यवस्थापन समितिले कुनैपनि प्रकारका नीतिगत निर्णयहरु नगर्ने र त्यस्ता गरेका निर्णयहरु स्वत वदर भएको मानिनेछन तर भौतिक निर्माणको जिम्मेवारी, आफ्नो कार्यकालको बेरुजु फछ्र्यौट जस्ता अत्यावश्यक गर्नैपर्ने कार्यहरुको लागि यसले बाधा पुर्‍याउने छैन ।
- माध्यमिक तहमा छोराछोरी अध्ययन गर्दा गठन भएको विद्यालय व्यवस्थापन समितिको विद्यार्थी विद्यालयवाट एसईई परीक्षा वा कक्षा १२ उत्तीर्ण गरिसकेपछि स्वत पदाधिकार समाप्त हुनेछ ।
- एक विद्यालयमा अध्यक्ष रहेको व्यक्ति अर्को विद्यालयमा विव्यस पदाधिकारी हुन चाहेमा उक्त विद्यालयवाट राजीनामा दिएपछि मात्र निज अर्को विद्यालयमा उम्मेदवार हुनसक्नेछ ।
- विद्यालय व्यवस्थापन समितिको लागि छनौट प्रक्रियमा सकेसम्म बहुमत अभिभावकहरुवाट सर्वसम्मतीवाट छनौट गर्ने तर सर्वसम्मत हुन नसकेको खण्डमा मतदान प्रकृयाबाट भएपनि टुंगो लगाउने ।

- आफुले गरेको कामको संवन्धमा विद्यालयका प्रधानाध्यापक विव्यस र नगर शिक्षा शाखा प्रमुख प्रति, विव्यस सदस्यहरु विव्यस अध्यक्ष प्रति र विव्यस अध्यक्ष नगरकार्यपालिका प्रति जवाफदेही हुनेछन ।
- संस्थागत विद्यालय/सार्वजनिक गुठी अर्न्तगत सञ्चालित विद्यालयहरुमा वालविकास/ आधारभूत तह देखि माध्यमिक तह सम्मको विद्यालयमा सञ्चालक/संस्थापक कुनै अन्य विद्यालयको व्यवस्थापन समितिमा संलग्न हुन पाउने छैन ।

## परिच्छेद- ८

माथि उल्लेखित कार्यविधि आवश्यकतानुरुप संसोधन र खारेजी हुन सक्नेछ । यो कार्यविधिको कार्यन्वयन गर्नु सरोकारवाला सवैको कर्तव्य र जिम्मेवारी मानिनेछ । कार्यन्वयनको अनुगमन र कार्यन्वयन गर्दा देखिएका समस्या समाधान र आवश्यक निर्देशन नगर शिक्षा समिति मार्फत हुनेछ ।

प्रमाणिकरण मितिः- २०७५/०३/०६

आज्ञाले,
(निरन्जन श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत